INHURED International has Special Consultative Status with ECOSOC of United Nations.

Rgd. Kath: 467/047/048
Rgd. US: IRC 501 (C)(3)

INHURED

# इन्हुरेड इन्टरनेशनल
# INHURED INTERNATIONAL

**International Institute for Human Rights, Environment and Development**
**institut international des droits de l'personne, de l'environnement et du developpment**
*Official Partner*
**POPULATION WATCH**

PopWatch

## प्रेस विज्ञप्ति

## सांघातिक आक्रमणको निन्दा

*ललितपुर, २०६४ माघ २५ गते ।*

संविधानसभाको निर्वाचनको प्रचार प्रसारको क्रममा दार्चुला जिल्लाको लटीनाथ गाविसमा हुन गइरहेको आमसभालाई सम्वोधन गर्न पुगेका नेपाली काग्रेसका केन्द्रिय सदस्य तथा पूर्व राज्यमन्त्री दिलेन्द्रप्रसाद वडू लगायतका कांग्रेस कार्यकर्तामाथि २०६४ माघ २२ गतेको दिन स्थानीय माओवादी कार्यकर्ताद्वारा गरिएको सांघातिक आक्रमणप्रति इन्हुरेड इन्टरनेशनलको गम्भिर ध्यानाआर्कषण भएको छ ।

२०६४ साल माघ २३ गते हुने भनिएको आमसभाको तयारीको क्रममा पूर्व राज्यमन्त्री वडू लगायतका नेपाली काग्रेसका अन्य कार्यकर्ता र सुरक्षाकर्मी २०६४ साल माघ २२ गते अपरान्ह नेपाली कांग्रेसका स्थानीय कार्यकर्ता मोहन सिंह धामीको घरमा खाना खाइरहेको बेला २/३ सय जनाको माओवादीको समूहले एक्कासी आधार इलाका खाली गर, माओवादी जिन्दावाद, वडू चाहिदैन, नेपाली कांग्रेस मुर्दावाद जस्ता नारावाजी र ढुङ्गा-मुढा गर्दै घरमा आगजनी गरी घर पूर्णरुपमा ध्वस्त पार्दै गर्दा त्यहाँ सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले हवाइ फायर गर्दै वाहिर आउन खोज्दा उक्त समूहले ढुङ्गा-मुढा, लाठीले लखेटी-लखेटी सुरक्षाकर्मी लगायत पूर्व राज्यमन्त्री वडू र काग्रेस कार्यकर्ताहरुलाई मरणाशन्न हुनेगरी कुटपिट गरेको र सुरक्षाकर्मीहरुको केही हातहतियार समेत लुटेर लगेको बुझिन आएको छ । आक्रमणपश्चात भागेका कांग्रेस कार्यकर्ताहरुले जीवन रक्षाका लागि अपिल गर्दै आत्मसमर्पण गर्दा समेत आक्रमणकारीहरुले अन्धाधुन्ध आक्रमण जारीराखेको समेत वुझिएको छ ।

घटना पश्चात् गम्भिर घाइते अवस्थामा हेलिकप्टरद्वारा उद्धार गरी उपचारकालागि काठमाडौंको त्रि. वि. शिक्षण अस्पताल र नेपाल प्रहरी अस्पतालमा ल्याइ भर्ना गरिएका घाइतेहरुको अवस्था बुझ्नका लागि **इन्हुरेड इन्टरनेशनलका** ६ सदस्यीय अध्ययन-अनुगमन टोली अस्पताल पुगी घाईतेहरुसंग प्रत्यक्ष संवाद गरी वास्तविक जानकारी लिएको थियो ।

संविधानसभाको निर्वाचन विथोलिने गरी माओवादीद्वारा सात दलीय गठबन्धन भित्रकै एक प्रमुख पार्टीका केन्द्रीय नेता र कार्यकर्तामाथि गरिएको उक्त आक्रमणको **इन्हुरेड इन्टरनेशनल** घोर निन्दा एवं भर्त्सना गर्दछ । विस्तृत शान्ति सम्झौता विपरित माओवादीद्वारा घटाइएको उक्त घटनाले माओवादी संविधानसभाको निर्वाचन प्रति इमान्दार नरहेको शंका समेत उब्जाएको छ । दण्डहिनतालाई प्रश्रय नदिनको निम्ति यो घटनाको वास्तविक छानवीन गरी दोषीमाथि कारवाही गरी भविष्यमा यस्ता गल्ती नदोऱ्याउन सम्वन्धित पक्षसमक्ष इन्हुरेड इन्टरनेशनल जोडदार माग गर्दछ । साथै निर्वाचनका लागि सवै दल र व्यक्तिलाई शान्तिपूर्ण भेला हुने र अभिव्यक्ति दिने मौलिक अधिकारको सम्मान गर्न सम्वन्धित सबैमा विशेष आग्रह गर्दछ ।

डा. गोपाल कृष्ण सिवाकोटी
अध्यक्ष

GPO Box : 12684, Ktm., Jhamsikhel, Lalitpur-2, Nepal Tel : 977-1-5531896 Fax : 977-1-5547616
Email : info@popwatch.org.np www.inhurednepal.org
Address in US : Office of the UN Representative, 41-42, Elbertson Street, Suite 301, Elmhurst, New York 11377, Tel/Fax : 1-718-4722018